# कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित २०७८ भदौ २१ गते सोमबार)

यस मुक्तिनाथ विकास बैंक लि.को खोलेसिमल शाखा कार्यालयबाट तपशिलमा उल्लेखित ऋणीले आवास कर्जा शिर्षक अर्न्तगत लिएको कर्जाको साँवा, व्याज र अन्य दै दस्तुर समेत यसै संस्था संगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई सो सम्बन्धमा पटक पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा पत्र मार्फत तरताकेता गर्दा समेत सोको वेवास्ता गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा चुक्ता भुक्तान गर्नको लागि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, व्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, व्याज, हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

## तपशिल

| **ऋणीको विवरण** | **व्यक्तिगत धन जमानीको विवरण** |
| --- | --- |
| नाम : **पेमा लामा**<br><br>बाबुको नाम : रेजेन लामा<br>बाजेको नाम : कामी लामा<br>स्थाई ठेगाना : जुटपानी गा.वि.स<br>वडा नं.०८, चितवन<br>हालको ठेगाना : कालिका न.पा. वडा नं. ०१, चितवन<br>ना.प्र.नं. : ३१५०<br>जारी मिति र जिल्ला : २०४९/०५/२, चितवन । | १. नाम : **मिना लामा**<br><br>बावुको नाम : लुते लामा<br>ससुराको नाम : रेजेन लामा<br>पतिको नाम : पेमा लामा<br>स्थायी ठेगाना : जुटपानी गा.वि.स<br>वडा नं.०९, चितवन<br>हालको ठेगाना : कालिका न.पा. वडा नं. ०१, चितवन ।<br>ना.प्र.नं. : १५४४/०४४<br>जारी मिति र जिल्ला : २०६३/११/१०, चितवन । |
| **व्यक्तिगत धन जमानीको विवरण :**<br>२. नाम : **पंच बहादुर लामा**<br><br>बाबुको नाम : बोध्द विर लामा<br>बाजेको नाम : लाल बहादुर लामा<br>स्थायी ठेगाना : जुटपानी गा.वि.स.<br>वडा नं.०६, चितवन ।<br>हालको ठेगाना : हाल कालिका न.पा. वडा नं. ०१,<br>चितवन<br>ना.प्र .नं. : २७२५<br>जारी मिति र जिल्ला : २०४३/१०/२५, चितवन । | **धितो सुरक्षणको विवरण :**<br>पेमा लामाको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेष्ता कायम रहेको जुटपानी गा.वि.स. वडा नं. ८ ख चितवन स्थित कित्ता नं ८५५ र ८१३ को क्षेत्रफल ०–०–१५ र ०–०–१० (विघा) घरजग्गा र सो घरजग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत । |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Kathmandu Plaza, Kamaladi, Kathmandu,
Toll Free No.: 16600149999, E-mail:info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of
Global Alliance for Banking on Values

Winner of
EUROPEAN
MICROFINANCE
AWARD 2020

**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**